जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४० म.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४२ अंक ३२ २०८० साल चैत ११ गते आइतवार (24 Mar. 2024 Sunday) मूल्य रु. ७/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

*यस अंक भित्र* – पृष्ठ २ मा : आध्यात्मिक चेतना र ... पृष्ठ ५ मा : छपन्न लाख ४३ हजार बालबालिकाले ... पृष्ठ ५ मा : मस्कोमा आतङ्ककारी ... पृष्ठ ५ मा : उपाधीका लागि सकरपुरा र ...

## बंश वृद्धिका लागि आरक्ष क्षेत्रमा छाडिए भाले गैंडा



**राजविराज**/सप्तरीको कंचनरूप नगरपालिका वडा ५ स्थित कोशी टप्पु वन्यजन्तु आरक्ष पथरी सेक्टरमा भाले गैंडा छाडिएको छ । शनिबार चितवनबाट ल्याइएको मेघौली भाले गैंडा छाडिएको हो ।

उक्त सेक्टरमा वन तथा वातावरण मन्त्री नवलकिशोर साहको उपस्थितिमा गैंडा छाडिएको हो । यसअघि असोज १० गते उक्त सेक्टरमा दुई वटा पोथी गैंडा छाडिएको थियो ।

चितवनबाटै पुष्पा र अन्जली नामका दुई पोथी गैंडा ल्याइएको ६ महिनापछि भाले गैंडा ल्याइएको कोशी टप्पु वन्यजन्तु आरक्षका वार्डेन रमेश यादवले जानकारी दिएका छन् ।

उनका अनुसार बंश विस्तार गर्ने योजनाका साथ गैंडा ल्याइएको हो । ल्याइएको भाले गैंडा ९ बर्षका छन् भने तौल साढे ३ टन रहेको छ ।

गैंडा छोड्ने कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री साहले पोथी र भाले दुबै ल्याइएपछि गैंडाको बंश वृद्धि हुने विश्वास व्यक्त गरे । उनले गैंडाको बंश वृद्धि भएपछि कोशी टप्पु वन्यजन्तु आरक्षमा पर्यटकीय क्षेत्रमा थप बल पुग्ने बताए ।

वन क्षेत्रको विकासका लागि सरकार गम्भीर रहेको बताउँदै साहले वन्यजन्तुको संरक्षणप्रति सबैले ध्यान दिनुपर्ने बताए ।

वन तथा वातावरण मन्त्रालयका सचिव डाक्टर दीपक बरालले मन्त्रालयले वनको संरक्षण, प्रवर्द्धन र विकासका लागि विभिन्न योजना ल्याएको जानकारी गराए । उनले वन क्षेत्रलाई पनि पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न सरकार अघि बढिसकेको बताउँदै यसमा सबैले सहयोग गर्नुपर्ने बताए ।

## घरमै शुद्ध पानी आउन थालेपछि दंग अनिता

**सिरहा**/अनिता सदाको विहे भएको झण्डै ९ वर्ष भई सकेको छ । यो ९ वर्षमा उसले धेरै उतार चढाव भोगेकी छिन् । शुरुमा विहे भएर आएको दुई वर्ष सम्म घरमा चर्पी नहुदाँ बाहिर जानु पर्ने जसको कारणले घाम नझुल्कीदै विहानै परसम्म जानु पर्थ्यो । अलिक अवेर भयो भने डर लाग्ने र चर्पीको लागि साथी खोजेर जानु पर्ने एक्लै जान डर लाग्ने गरेको उनले बताईन । विहे भएको डेढ वर्ष पछि गाँउमा खुला दिसा मुक्त अभियानको थालनी भयो र हामीले पनि घरमा चर्पी वनायौं त्यस पछि निरन्तर घरको सवै सदस्य चर्पीमै दिसा पिसाब गर्ने गरेका छन ।



चर्पी त बन्यो हामी ढुक्क पनी भयौ र अर्को समस्या पुन: हामीले भोग्नु पर्यो । चर्पीको लागि तथा खानेपानी लगायत अन्य वस्तु भाउको लागि पनि पानी नभई नहुने कुरा हो आफनो घरमा कल नभएकोले गाँउको सार्वजनिक कल बाट पानी वोकेर ल्याउनु पर्ने कहिले काहि सार्वजनिक कल बिग्रदा वा सार्वजनिक कलमा पानी लिनेको धेरै भिड हुँदा अरुको घरबाट पानी ल्याउदा कुराहरु सुन्नु पर्थ्यो । हामीले चाहेर पनि कल गाड्न सक्दिनथियौ किनभने यता जमिनमुनी ढुंगै माटो भएकोले पानीको श्रोत जमीनको धेरै तल रहेको र त्यसको लागि कल भन्दा पनि डिप बोरिंग जडान गर्नु पर्ने हुन्थयो जुन गाड्ने हाम्रो क्षमता थिएन त्यहि भएर हामी हाम्रो कर्म नै यहि हो भनेर जीवन जिउन बाध्य थियौं ।

करीब ४ वर्ष अगाडि सबल नेपालका कर्मचारीहरु हाम्रो गाँउमा सरसफाइ सम्बन्धी अभियान संचालन गर्न थाले पछि हामीले पानीको महत्वको बारेमा बुझ्यौ स्वास्थ्य जिवन जिउनका लागि अति आवश्यक कुरा नै पानी रहेको जानकारी भयो तर इच्छा हुँदा हुँदै पनि हामी स्वस्थ पानीमा हाम्रो पहुँच हुन सकि रहेको थिएन तर सबल नेपालले यहाँको जनताका लागि सुरक्षित पानीमा पहुँचका लागि गरेको प्रयास, स्थानीय निकायको सक्रियता, नगर प्रमुख, नगर उपप्रमुख एवं वडा अध्यक्ष तथा यस वडाका समितिको अथक प्रयासले आज हामीले शुद्ध र सुरक्षित खानेपानी पिउन सकेका छौं ।

यो घटना सिरहा जिल्ला अर्न्तगतको कर्जन्हा नगरपालिका वडा नं १ बाल्टिया सदा वस्तीमा बस्ने अनिता सदाको हो । अनिता सदा मात्र एक पात्र हुन तर यस्तो समस्या प्राय जसो यस वस्तीमा रहेको सबै घरको रहेको थियो । १६ देखि २० घरधुरी रहेको सदा वस्ती अहिले सरसफाइको क्षेत्रमा नमुना बस्तीको रुपमा रहेको छ । यहाँ प्रत्येक घरमा चर्पी, खानेपानीको लागि धारा एवं स्वछता व्यवस्थापन गरिएको छ ।

सबल नेपालले सन् २०१८ देखि सिरहा जिल्लाको विभिन्न नगरपालिका तथा गाँउपालिकाहरुमा BMZ/VCAको सहयोगमा WelthHungerHilfe/ सबल नेपालको साझेदारीमा Up–scaling WASH System Strengthening Approach in the Terai Region of Nepal (NPL 1082–22) संचालनमा रहेको छ । यस परियोजनाको मुख्य लक्ष्य सामुदायिक संलग्नता मार्फत पानी सरसफाइको उपलब्धता र दिगो व्यवस्थापनलाई प्रर्वद्धन गर्नु, उपभोक्तालाई गुणस्तरीय खानेपानी सरसफाइ र स्वच्छता सेवा उपलब्ध गराउनु तथा स्थानीय शासनको क्षमतामा अभिवृद्धि गराई उनीहरुको अपनत्व बोध गराई नेतृत्व कायम गराउनु रहेको छ ।

यस कार्यक्रमको माध्यमले तथा कर्जनहा नगरपालिकाको सक्रियता तथा साझेदारीमा स्थानीय जनतालाई सुरक्षित पानीमा पहुँचको लागि कुल १ करोड ६४ लाख ६८ हजार ८ सय १५ रूपैयाको लागतमा खानेपानी आयोजनाको निर्माण गरिएको छ जसका लागि कुल लागत मध्ये सबल नेपालले ७० लाख ५ हजार ९ सय ५५ रूपैया, कर्जन्हा नगरपालिकाले ९० लाख ७४ हजार ३ सय ७३ रूपैया तथा बाँकि रकम स्थानीय उपभोक्ताले ३ लाख ८८ हजार ४ सय ८६ रूपैया ब्योहोरेका थिए ।

दिगो विकास लक्ष्य २०३० सम्म सवैलाई सुरक्षित खानेपानी तथा सरसफाइको पहुँचमा उपलब्धता गर्नु हो । जस अर्न्तगत सबल नेपालले संचालन गरेको यस परियोजनाले कर्जन्हा नगरपालिका वडा नं १ का ६ सय १९ घरधुरीमा अहिले सुरक्षित पानीको सहज पहुँच भएको छ । यसको दिगोपनाको लागि उक्त खानेपानी आयोजना स्थानीय नन्दबाबा खानेपानी उपभोक्ता समितीको जिम्मा दिईएको एवं वडासंगको सहकार्यमा प्रति घरबाट महिनाको रु ८० न्युनतम महसुल राखिएको छ जसमध्ये १० युनिट निशुल्क उपभोक्ताले प्रयोग गर्ने छ भने त्यसपछि प्रति युनिटको ६ रूपैया दरले संकलन गर्ने गरेको छ ।

## मधेस प्रदेशमा मन्त्रिपरिषद् विस्तार



**राजविराज**/मधेस प्रदेशमा दोश्रो पटक मन्त्रिपरिषद् बिस्तार भएको छ । सरकारका मुख्यमन्त्री सरोजकुमार यादवको सिफारिसमा प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले शनिबार मन्त्रिपरिषद् विस्तार गरेका छन् ।

नवनियुक्त मन्त्रीहरूमा राजकुमार लेखी गृह, सञ्चार तथा कानुन मन्त्रालय, शत्रुधन सिंह स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र प्रमोदकुमार जयसवालले शिक्षा तथा संस्कृति मन्त्रालयका जिम्मेवारी प्राप्त गरेका छन् भने केशव रायले स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्रीको जिम्मेवारी प्राप्त गरेका छन् ।

नवनियुक्त मन्त्रीहरूले प्रदेश प्रमुख भण्डारीबाट पद तथा गोपनीयताको शपथ लिएका छन् भने राज्यमन्त्रीले मुख्यमन्त्री यादवबाट सपथ लिएका छन् ।

यसअघि मधेश प्रदेश सरकारमा नेपाली कांग्रेस, जनमत पार्टी सहभागि थिए ।

केन्द्रमा सत्ता समीकरण फेरिएपछि मधेस प्रदेशमा पनि सत्ता समीकरण परिवर्तन भएको हो । हाल केन्द्रमा नेकपा एमाले, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी र जसपा सम्मिलितको सरकार रहेको छ । सोही बमोजिम मेधशमा पनि सत्ता समिकरण परिवर्तन भएको हो ।

फागु पर्व सभ्य रुपमा मनाऔं।

- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं,
- लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने जस्ता काम जबरजस्ती नगरौं,
- सामाजिक तथा साँस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं,
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं,
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं,
- गैरकानूनी र उच्छृङ्खल व्यवहार नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### मातृभाषाको सम्मान आवश्यक

मातृभाषामै पठनपाठान गराइए विद्यार्थीले विषयलाई छिटो टिप्ने पनि जानकारहरुको कथन छ । तर, नेपालमा एक भाषा नीति अनुरुप अन्य मातृभाषाहरुले अगाडि बढ्ने मौका पाइरहेका छैनन । आफ्नै मातृभाषा सबैलाई प्यारो हुन्छ । हरेक वर्ष २१ फरवरीका दिन अन्तर्राष्ट्रिय मातृभाषा दिवस मनाइए पनि औपचारिकताका अलावा केही हुन सकेको देखिदैन ।

दिवस मात्र एक दिनका लागि मनाउँदैमा हरेक मातृभाषाले यथोचित न्याय पाउने छैन । हरेक मातृभाषीले जबसम्म आफनो मातृभाषाको यथोचित सम्मान र संवैधानिक रुपमा मान्यता पाउँदैन । तबसम्म नेपालमा बोलिने विभिन्न मातृभाषा फस्टाउन सक्ने अवस्था हुँदैन । हरेक मातृभाषीको आफ्नै मातृभाषामा कम्तीमा प्राथमिक तहको पठन-पाठन गर्न पाउनु उसको नैसर्गिक अधिकार हो । तर, हालसम्म मैथिली, भोजपुरी, अवधि, थारु जस्ता मातृभाषाहरुको अवस्था दनयीन छ । कतिपय मातृभाषाका पाठ्य सामाग्रीहरु तयार भइसके पनि त्यसको व्यवहारमा प्रयोग हुन सकेको छैन ।

तसर्थ मातृभाषहरुमा पठन-पाठनलाई तीब्रता दिंदै ती मातभाषहरुको संरक्षण, सम्वर्द्धन र विस्तार आवश्यक छ । यसका लागि तीनै तहका सरकार संवेदनशील बन्न जरुरी रहेको छ । राज्यले हरेक मातृभाषाको संरक्षण र सम्वर्द्धनमा यथोचित ध्यान पुऱ्याउन नसक्दा यस्तो अवस्था आएको हो ।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**

**Dr. Santosh Prasad Sah**

MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)

NMC Reg. No. : 15019

**कन्सलटेन्ट फिजिसियन**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# आध्यात्मिक चेतना र आदर्श नेतृत्व

**तेजनाथ दंगाल**

आध्यात्मिक चेतना र आदर्श नेतृत्व सम्बन्धमा विद्वान्का आ-आफ्नै धारणा र विचार रहेका हुन्छन् । यस आलेखमा यी दुवैबारे प्रस्ट्याउने कोसिस गरिएको छ ।

शाब्दिक रूपमा अध्यात्म भन्नाले आत्मा र जगत्लाई प्रधान मान्ने एक प्रत्ययवादी विचार हो । वास्तवमा अध्यात्मको अर्थ आफूभित्रको चेतना तत्त्वको दर्शन अर्थात् आफ्ना बारेमा आत्मप्रज्ञ हुनु हो । यसैले गीताको आठौं अध्यायमा आफ्नो स्वरूपलाई अध्यात्म भनिएको छ–'परमस्वभावो ऽध्यात्ममुच्चयते ।'

अध्यात्मको अनुभूति सबै प्राणीले समान रूपबाट निरन्तर रूपमा गरिरहेका हुन्छन् । प्रत्यक्ष होस् वा परोक्ष रूपमा, मानिसहरू स्वयंको खोजी गरिरहेका हुन्छन् । मानवलाई आत्मज्ञान अर्थात् 'म को हुँ' भन्ने नबुझीकन जीवनका आयामलाई बुझ्न सक्दैन ।

यं यं वापि स्मरन्भावं त्यज्यन्ते कलेवरम् ।

तं तमेवैति कौन्तेय सदा तदाभाव भावितः ॥

अर्थात् हे कुन्तीपुत्र अर्जुन ! मनुष्यले अन्तकालमा जुन-जुन भाव स्मरण गरेर यो शरीर त्यागछन्, त्यसैको प्राप्ति गर्छन्, किनकि यो सधैं त्यही भावबाट भावित रहन्छ । अध्यात्म त्यो वास्तविकता हो, जुन चर्मचक्षुले देखिँदैन । यसलाई बुझ्नका लागि आत्मज्ञान आवश्यक हुन्छ । चेतना, ईश्वर, आत्मा र परमात्मा अलौकिक शक्तिलाई जीवन र जगत्को पहिलो आधार मान्ने अज्ञय दृष्टिकोण आदर्शवाद हो ।

अब कुरा गरौं, आदर्श नेतृत्वको । आदर्श भन्नाले सवोत्तम स्थिति वा अनुकरणीय कुरा हो भनी बुझ्नुपर्छ । महामानवहरूको गुणका अतिरिक्त ग्रहणयोग्य अवलोकनीय नमुना नै आदर्श हो । कुनै पनि विशेष विषयवस्तुको अनुकरण गरेर त्यसको नजिक पुग्नु आदर्श हो ।

यस्तै नेतृत्व भनेको एउटा प्रक्रिया हो । यसमा केही व्यक्ति सामाजिक प्रभावद्वारा अन्य व्यक्तिको सहायता लिएर एक सर्वनिष्ठ कार्य सम्पन्न गर्छन् भने त्यसलाई नेतृत्व भन्ने बुझ्नुपर्छ । एलन किनकिथ गेनेटेकको परिभाषा छ, 'नेतृत्व त्यो हो, जो मानवका लागि एक यस्तो मार्ग बनाउँछ; जसबाट मानव आफूले योगदान दिएर कुनै असाधारण कार्य गर्न सक्छ ।'

नेतृत्व भन्नाले व्यक्ति, समूह र संगठनको अगुवाइ गर्ने कौशल हो । नेतृत्वकर्तामा अरुलाई उत्प्रेरित गर्ने कला हुन्छ । वर्तमान परिप्रेक्ष्यमा नेतृत्वलाई सामान्य ढङ्गबाट बुझ्ने र मनन गर्ने गरिन्छ तर समयानुकूल बहाबलाई मूलधारमा ल्याउन सक्ने आदर्श विचार र गुणले युक्त हुनुपर्छ नेतृत्व । आदर्श नेतृत्वले नै हरेक क्षेत्रमा दुरगामी परिणाम हासिल गरेको छ ।

आदर्श नेतृत्वका सम्बन्धमा हार्वड विश्वविद्यालयले गरेको अनुसन्धान प्रतिवेदनमा सातवटा तत्त्व माथि प्रकाश पारेको छ । दृष्टिकोण, साहस, एकता, मानवता, रणनीतिक योजना, केन्द्रबिन्दु, समन्वय अर्थात अन्तर्वैयक्तिक सीप– यी सात तत्त्व अभिन्न अङ्ग मानिन्छन् । वास्तवमा स्वयंले स्वयंलाई नेतृत्व गर्नु नै आदर्श नेतृत्व हो ।

नेतृत्व गर्नका लागि व्यक्तिमा केही अन्तर्निहित गुण हुन आवश्यक देखिन्छ । श्रीकृष्णले दानवीर कर्णलाई भनेका थिए, 'हे कर्ण तिमी कौन्तेय हौ । पाण्डवका पक्षबाट युद्ध लडेर हस्तिनापुरको राज्य भोग गर ।' यसको जवाफमा कर्णले भने, 'म योद्धा हुँ तर आदर्श शासक हुन सक्दिनँ । यसका लागि युधिष्ठिर उपयुक्त छन् ।'

आदर्श नेतृत्वको चाहना जनमानसमा पूर्वकालदेखि नै भएको पाइन्छ । नेतृत्वलाई प्रकारान्तरका दृष्टिले एउटै क्षेत्रमा मात्र सीमित गर्न सकिँदैन । पौराणिककालमा पनि धर्म दर्शनबाट ओतप्रोत भएका व्यक्ति नेतृत्वका लागि अगाडि आउँथे । त्रेतायुगमा राजा रघु, दिलीप, भपगरथ, मान्धाता, हरिश्चन्द्र दशरथ र राम; द्वापर युगमा दुष्यन्त, भरत, भीष्म, कृष्णजस्ता महान् हस्तीहरूले जनचाहना अनुसार युगसापेक्ष नेतृत्व प्रदान गरेका थिए । यस प्रकारको आदर्श नेतृत्वले समाज, राष्ट्र र नागरिकलाई मार्गदर्शन दिन सफल भएको थियो ।

भारत वर्षमा मौर्य वंशका चन्द्रगुप्त, अशोकजस्ता शासकले आफ्नो नेतृत्वमा आदर्शवादी छनक दिएका थिए । लिच्छवि राजामा मानदेव, अंशुवर्मा, नरेन्द्रदेवजस्ता राजाले आदर्शको अमिट छाप छाडेको कुरा इतिहासमा पाइन्छ । राजा प्रताप मल्ल, सिद्धिनरसिंह मल्ल, भक्तपुरका राजा भूपतिन्द्र मल्ल र काठमाडौंका राजा महेन्द्र मल्लको अहिले पनि नेपाली समाजमा चर्चा पाइन्छ ।

राज्य प्रशासनका दृष्टिले मात्र नेतृत्व आदर्श हो वा होइन भनेर छुट्ट्याउँदा विषयको गाम्भीर्यतामा धमिलोपन आउँछ । धार्मिक दृष्टिले हेर्दा– आदर्श नेतृत्वकर्ताले समाजलाई सत्मार्गमा डोऱ्याउन गहन भूमिका खेलेका हुन्छन् । धार्मिक अभियन्ताका रूपमा बुद्ध, जैन, मोहम्मद, नानक, आदि शंकराचार्य, गुरु पद्मसम्भवजस्ता महान् व्यक्तित्वले कुशल तथा आदर्श नेतृत्व गरेको पाइन्छ । यी अभियन्ताले समाजको एकता र वास्तविकतालाई मजबुत बनाएका थिए, जुन अझै गठिलो र संगठित छ ।

प्रकारान्तरका दृष्टिले समाजलाई नेतृत्व गर्ने, सही मार्गदर्शन गरी असल र आदर्श समाजको स्थापना गर्ने व्यक्तिलाई दार्शनिक भनिन्छ । यी दार्शनिकले आ-आफ्ना दर्शनबाट समाज, राष्ट्र र मानव जातिलाई डोऱ्याएका थिए । पौराणिककालका राजा जनक ( शिरध्वज), महाभारतकालका व्यास, विदुर, कृष्ण आदिले खेलेको भूमिका गहन थियो । त्यसैगरी ऐतिहासिक कालमा पश्चिमी जगत्का प्लेटो, सुकरात, अरस्तु, हेगल तथा चीनका कन्फ्युसियस, भारत वर्षका आचार्य चाणक्य, रामकृष्ण परमहंस, स्वामी विवेकानन्द सरस्वती, दयानन्द सरस्वती, राजा राममोहन रायका भूमिकाले आदर्शवादी सामाजिक सुधारको नेतृत्व गरेको हुनाले समाजले आजसम्म गतिशील चरित्र देखाइरहेको छ । नेपालमा समाज सुधारक मानवतावादी नेता जयपृथ्वीबहादुर सिंह, दयावीर सिंह कंसाकार, तुलसी मेहर श्रेष्ठ, गुरु फाल्गुनन्द लिङ्देनजस्ता व्यक्तित्वले आदर्शको आधारमा समाजमा असल मूल्य र मान्यता स्थापित गरी समाजलाई अगाडि बढाए ।

**आदर्श नेतृत्व कस्तो हुनुपर्छ ?**

वर्तमान परिप्रेक्ष्यमा मानवता र उत्तरदायित्वबाट हरेक क्षेत्रको नेतृत्ववर्ग स्खलित हुँदै गएको छ । राज्य र समाजलाई नेतृत्व दिने राजनीतिक दलहरू जिम्मेवारी, उत्तरदायित्व र कर्तव्यबाट विमुख हुँदै गएको देखिन्छ ।

आदर्श नेतृत्व कस्तो हुनुपर्छ भन्ने कुनै सैद्धान्तिक सूत्र प्रतिपादन भएको पाइँदैन । व्यवहार र अनुभवबाट खारिएर आएको कुशलताले युक्त व्यक्तिहरूले नै आदर्श नेतृत्व गर्न सक्छन् । नेतृत्व गर्नका लागि सत्य, धर्म, न्याय र निष्ठाबाट विचलित नभएको दृढ, धीर व्यक्तित्व हुनुपर्छ । नेतृत्व गर्ने व्यक्ति मन, वचन र कर्मले अनुप्राणित भएको; खोज, अनुसन्धानबाट चुरो पत्ता लगाउन सक्ने; विशेषतः अरुभन्दा बढी खट्न सक्ने; पढाइ, लेखाइ, गराइ, भोगाइ, बुझाइ र सङ्घर्षको रापतापले सेकिएको हुनुपर्छ । करुणा, प्रेम, मैत्री, भ्रातृत्व, परमात्मा र आत्माका बिच सम्मिलन देख्ने निष्ठावान् व्यक्ति नै आदर्श नेतृत्वका लागि उपयुक्त हुन्छ भन्ने मान्यता रहेको पाइन्छ ।

सामान्यतया आदर्श नेतृत्व भन्नाले अनुकरणीय नेतृत्व भन्ने बुझ्नुपर्छ । आदर्शको पदमार्ग पहिल्याएर गन्तव्यमा पुग्न कठिन हुन्छ । आदर्शको अनुकरण गरी जीवन र जगत्मा आभा छर्न सङ्घर्षको दियालो बालेर कठिनताको यात्रा गर्नुपर्छ । राम, कृष्ण, भीष्म र विदुरले जुन आदर्श स्थापित गरे, त्यो आदर्श स्थापित गर्नका लागि अनवरत तल्लिन रहनुपरेको दृष्टान्त पाइन्छ । सुकरातले सत्य र निष्ठाका लागि जीवन उत्सर्ग गर्नुपऱ्यो, तर आदर्श स्थापित भयो । आदर्श नेतृत्व स्थापनाका लागि गम्भीर किसिमको त्याग, तपस्या र समर्पण आवश्यक हुन्छ ।

आदर्श नेतृत्वकर्ताहरूको अनुकरण हामी हाम्रा पुराण र धर्मशास्त्रबाट पनि गर्न सक्छौं । त्रेतायुगका राजा हरिशचन्द्र, मान्धाता, अज, रघु, दिलीप र रामका आदर्शलाई युग युगान्तरसम्म अनुशरण गरिन्छ । द्वापर युगका राजाहरूमा दुष्यन्त, भरत, युधिष्ठिर, परीक्षित, जन्मेजयजस्ता राजाहरूको शास्त्रीय चर्चा पाइन्छ ।

राजा जनकको नेतृत्व आदर्श मात्र नभएर एक युगान्तकारी पदमार्ग थियो । दर्शनका दृष्टिले बुद्ध, महावीर जैन, मोहम्मद आदिले युग प्रवर्तक नेतृत्व गरेका हुन्, जुन अत्यन्त सफलीभूत भए । यिनीहरू आत्मा मात्र नभएर परमात्माका अंश थिए भन्ने शास्त्रीय मत पाइन्छ ।

वर्तमान युगमा विज्ञानको चमत्कारलाई सर्वग्राह्य मानिन्छ, तर विज्ञानले जति विकास गरे पनि मृत्युमाथि विजय हासिल गर्न सकेको छैन । यो जगत् शान्त, सुस्थिर ढङ्गले अगाडि बढ्नका लागि भौतिकवादीभन्दा आध्यात्मिक तवरबाट गरिएको नेतृत्व सफलीभूत भएको पाइन्छ । आदर्श नेतृत्वका लागि आध्यात्मिक चेतना अपरिहार्य तत्त्व हो । दार्शनिक तथा धर्मगुरुले अध्यात्मवादी चिन्तनबाट प्रेरित भएर आदर्शवादी नेतृत्वमै जोड दिइरहेका हुन्छन् । महाभारतको युद्धलाई रोक्नका लागि कृष्ण, भीष्म, कृप, द्रोण र विदुरजस्ता महात्माले प्रयास गरेका थिए तर भौतिकवादी सोच भएका दुर्योधन र सकुनीहरूले महाभारतजस्तो विनाशकारी युद्ध रोजे ।

**आदर्श नेतृत्वमा हुनुपर्ने गुण**

आदर्श नेतृत्व तालिम वा उच्च शिक्षाबाट प्राप्त हुने कला होइन । यसका लागि व्यक्तिमा अन्तर्निहित गुण पनि सकारात्मक हुनुपर्छ । सकारात्मक सोचले आदर्शको मार्ग निर्माण गर्छ भन्ने विद्वान्को मत छ । समग्रमा आदर्श नेतृत्वमा यस्ता गुणहरू हुनुपर्छ भन्ने मत पाइन्छः

(क) राष्ट्र, जनताप्रति अनुप्राणित हुने ।

(ख) राष्ट्र र जनताप्रतिको आफ्नो दायित्व र कर्तव्यप्रति सचेत हुने ।

(ग) अध्यात्मवादप्रति आकर्षण भएको र अरुलाई उदाहरण प्रस्तुत गर्न सक्ने ।

(घ) आफ्ना विचार र गुणले अरुलाई प्रेरणा प्रदान गर्न सक्ने ।

(ङ) नयाँ सोच प्रतिपादन गरी नमुना प्रस्तुत गर्न सक्ने ।

(च) नियम, अनुशासनको पालना गर्ने र गराउने क्षमता भएको ।

(छ) प्रजातान्त्रिक सोच भएको, चरित्रवान, अरुको विचारको कदर गर्न सक्ने ।

(ज) राजनीतिक स्वार्थको दलदलबाट उन्मुक्त भई सामाजिक एकतामा जोड दिने र राष्ट्रिय स्वार्थलाई गहन ठान्ने ।

अध्यात्मवादबाट प्रेरित भएको नेतृत्वले मात्र जीवन र जगत्लाई सही ढङ्गले हाँक्न सक्छ । हरेक मुलुकले आउँदो पिँढीलाई मुलुकको भविष्य कर्णधारका रूपमा लिने गर्छ । यस्ता भविष्यका कर्णधारलाई आदर्श नेतृत्वका रूपमा कसरी अगाडि बढाउने ? यो गहन चिन्तनको विषय हो । भावी पिँढीमा आदर्श नेतृत्वका लागि निम्न कुराको आवश्यक देखिन्छ :

(क) हामीले स्वधर्म, स्वराज र स्वतन्त्रतालाई विश्वसामु मौलिक पहिचानका रूपमा कायम राख्दै मुलुकको पहिचालाई तीव्र गति दिनका लागि पूर्वीय सभ्यता, संस्कृतिबाट अनुप्राणित भएको शास्त्रीय मूल्य-मान्यतालाई हृदयंगम गरी अध्यात्मवादको मर्मलाई बुझेको र नैतिकतासँग जोडिएका सवाललाई कठोरतापूर्वक पालना गर्ने गराउने क्षमताले युक्त बनाउनुपर्छ ।

(ख) मन, वचन र कर्मको संयोजन भएको; आत्मिक शुद्धता भएको; विश्वबन्धुत्वको भावना भएको; सहअस्तित्व, समन्वयकारी भूमिकामा अग्रणी र सेवाभावले अनुप्राणित नेतृत्वको विकास गर्नुपर्छ ।

(ग) निर्णय क्षमता भएको, समयको पूर्णपालना गर्ने, इमानदार र उदात्त दृष्टिकोण भएको नेतृत्व हुनुपर्छ ।

(घ) सञ्चार सीप भएको अर्थात् सुन्ने, बोल्ने, बुझ्ने, बुझाउने र आफ्नो विचार मातहतका व्यक्तिमा पुऱ्याउन सक्ने नेतृत्व हुनुपर्छ । यस्तै, करुणा र कृतज्ञले युक्त दूरदृष्टि; समूहलाई सञ्चालन र परिचालन गर्ने सीप भएको नेतृत्व हुनुपर्छ ।

(ङ) उद्देश्यलाई मूल मर्म ठानेर अविचलित रूपले कार्यमा निरन्तरता दिने धैर्यवान हुनुपर्छ ।

(च) आत्मा र परमात्माको सम्बन्ध बुझी, प्रेम, करुणा, मैत्रीजस्ता भावबाट अविचलित भएको; चिन्तन, मनन, दृढता, संस्कृति, धर्म, दर्शन, विचारले खारिएको नैतिक रूपले बाँधिएको नेतृत्व हुन आवश्यक छ ।

(छ) नेतृत्वकर्ताले खोज, अनुसन्धान गर्नुपर्छ ।

(ज) जीवन र जगत्मा अध्यात्मवादका सद्‌गुण र सद्व्यवहारयुक्त संस्कारले युक्त भई पूर्वजझैं नमुना प्रस्तुत गर्न सक्ने नेतृत्व हुनुपर्छ ।

हाम्रो नेतृत्व विगत लामो समयदेखि बिस्तारै स्खलित हुँदै गइरहेको छ । राजनीतिक, सामाजिक, आर्थिक र नैतिक रूपमा हामी पूर्वजका तुलनामा निरन्तर स्खलित हुँदै गइरहेका छौं । यी विविध विषयवस्तुलाई मध्यनजर राखेर भावी नेतृत्व वर्तमानलाई केन्द्रमा राखेर भविष्यको योजना बुन्न सक्ने दूरदृष्टि भएको व्यक्तित्व हुनुपर्छ । रातोपाटीबाट

# सरकारी सम्पत्तिमा हानिनोक्सानी गरेको ठहर गर्दै अख्तियारद्वारा वन अधिकृतसहित २४ जना बिरुद्ध आरोप पत्र दायर

**राजविराज**/अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सरकारी सम्पत्तिमा हानिनोक्सानी गरेको ठहर गर्दै डिभिजन वन कार्यालय जलेश्वर महोत्तरीका तत्कालिन डिभिजनल वन अधिकृत हेमन्त प्रसाद साहसहित २४ जना विरुद्ध आरोपपत्र दायर गरेको छ ।

अख्तियारका प्रवक्ता नरहरि घिमिरेद्वारा जारि विज्ञप्तिमा वन अधिकृत साहसहित वडा अध्यक्ष, उपभोक्ता समितिका पदाधिकारी लगायत २४ जनालाई प्रतिवादी बनाइ रम्तेलडाँडा सामुदायिक वनका विभिन्न जातका ४ सय ६ वटा रुख विरुवा जथाभावी कटान गरि सरकारी सम्पत्तिमा हानी नोक्सानी गरेको ठहर गर्दै विशेष अदालतमा आरोपपत्र दायर गरेको जनाएको छ ।

डिभिजनल वन अधिकृत साहमाथी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेकोले ऐ. ऐनको दफा १७ ले निर्दिष्ट गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र दफा ३ को उपदफा (१) बमोजिम जरिवाना गरी ऐ. ऐनको दफा १७ बमोजिम हानिनोक्सानी भएको विगो ११ लाख ९६ हजार ६ सय ९५ रुँपैया असुल उपर गर्न मागदाबी गरेको छ ।

त्यस्तै अख्तियारले सहायक वन अधिकृत बेचन ठाकुरमाथी पनि सोही ऐनको दफा अनुसार उक्त रकम बराबरको रकम असुल उपर गर्न मागदाबी गरेको छ । सब-डिभिजन वन कार्यालय बर्दिबासका तत्कालीन सहायक वन अधिकृत लक्ष्मण प्रसाद यादव, फरेष्टर सन्तोष कुमार साह, वनरक्षकहरु राज किशोर झा, अजय कुमार यादव, राकेश कुमार यादव, नारायण ढुंगेल र दिलिप महतोसँग पनि सोही ऐनको दफा अनुसार उक्त रकम बराबरको रकम असुल उपर गर्न मागदाबी गरेको छ ।

यस्तै नापी कार्यालय बर्दिबासका तत्कालीन अमिन राम दरश राउतसँग पनि सोही ऐनको दफा अनुसार उक्त रकम बराबरको रकम असुल उपर गर्न मागदाबी गरेको छ ।

मालपोत कार्यालय बर्दिबास, महोत्तरीका तत्कालीन नायब सुब्बा ओम प्रकाश खड्का र बर्दिबास नगरपालिका वडा नं. १ का तत्कालीन वडा सदस्य शान्ता देवी श्रेष्ठसँग पनि सोही ऐनको दफा अनुसार उक्त रकम बराबरको रकम असुल उपर गर्न मागदाबी गरेको छ ।

बर्दिबास नगरपालिका वडा नं. १ का तत्कालीन वडाध्यक्ष चुडामणी पोखरेलसँग पनि सोही ऐनको दफा अनुसार उक्त रकम बराबरको रकम असुल उपर गर्न मागदाबी गरेको छ ।

रम्तेल डाँडा सामुदायिक वन उपभोक्ता समितिका तत्कालीन अध्यक्ष शेर बहादुर राउतसँग पनि सोही ऐनको दफा अनुसार उक्त रकम बराबरको रकम असुल उपर गर्न मागदाबी गरेको छ ।

रम्तेल डाँडा सामुदायिक वन उपभोक्ता समितिका तत्कालीन उपाध्यक्ष उमादेवी बुढाथोकी, कोषाध्यक्ष प्रेम बहादुर थापा, सचिब धन कुमारी मगर भनिने धन कुमारी, तत्कालीन सदस्यहरु उर्मिला थापा मगर र पूर्ण बहादुर सुस्लिङ्गसँग पनि सोही ऐनको दफा अनुसार उक्त रकम बराबरको रकम असुल उपर गर्न मागदाबी गरेको छ ।

जिल्ला महोत्तरी, बर्दिबास नगरपालिका वडा नं. १ बस्ने जग्गाधनीद्वय लिलामणी आचार्य र कृष्ण प्रसाद गौतमसँग पनि सोही ऐनको दफा अनुसार उक्त रकम बराबरको रकम असुल उपर गर्न मागदाबी गरेको छ ।

रम्तेल डाँडा सामुदायिक वनका उपभोक्ता एम बहादुर थापा मगर र नन्दमाया खनाल भनिने नन्दमाया क्षेत्रीसँग पनि सोही ऐनको दफा अनुसार उक्त रकम बराबरको रकम असुल उपर गर्न मागदाबी गरेको छ ।

जिल्ला सिन्धुली, सुनकोशी गाउँपालिका वडा नं. ४ का रुख कटान गर्ने ठेकेदार सन्दिप नेपालीसँग पनि सोही ऐनको दफा अनुसार उक्त रकम बराबरको रकम असुल उपर गर्न मागदाबी गरेको छ ।

# पत्रकार महासंघको केन्द्रिय महाधिवेशन वैशाख २१ र २२ गते लुम्बिनिमा हुने

**राजविराज**/नेपाल पत्रकार महासंघको केन्द्रीय महाधिवेशन आगामी २०८१ साल वैशाख २१ र २२ गते हुने भएको छ ।

महासंघका महासचिव रोशन पुरीद्वारा जारि विज्ञप्तिमा केन्द्रीय समितिको बुधबार सम्पन्न बैठकले २७औं महाधिवेशन विश्व प्रेस स्वतन्त्रता दिवस (मे ३) अर्थात २०८१ साल वैशाख २१ र २२ गते विश्व शान्तिका मुहान गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा गर्ने निर्णय गरेको जनाइएको छ ।

यस्तै बैठकले महासंघका सबै प्रदेशको अधिवेशन २०८१ वैशाख १ देखि १२ गतेसम्म सम्पन्न गर्ने निर्णय समेत गरेको छ । त्यसअघि महासंघका सबै शाखा समिति, प्रतिष्ठान शाखा तथा एसोसिएट संस्थाको अधिवेशन गर्न निर्देशन पनि गरेको छ । अधिवेशन सम्पन्न गर्दा महासंघबाट केन्द्रिय प्रतिनिधिको अनिवार्य सहभागिता हुनुपर्ने व्यवस्था गरिएको विज्ञप्तिमा उल्लेख छ ।

सम्पन्न बैठकले महाधिवेशन तयारीका लागि अध्यक्ष विपुल पोखेल, वरिष्ठ उपाध्यक्ष रमेश विष्ट र महासचिव रोसन पुरी रहेको स्टेरिङ समिति गठन पनि गरेको छ । सो समितिले महाधिवेशनको सम्पूर्ण तयारीलगायत प्रदेश तथा शाखा समितिको अधिवेशन सम्पन्न गर्न आवश्यक समन्वय गर्ने विज्ञप्तिमा उल्लेख छ ।

सो अनुसार बैठकले समन्वय गर्न १० वटै प्रदेशमा केन्द्रिय पदाधिकारीलाई प्रदेश संयोजकको जिम्मेवारी तोकेको छ । जसअनुसार कोशी प्रदेशमा उपाध्यक्ष बाला अधिकारी, मधेस प्रदेशमा सचिव दीपेन्द्र चौहान, वागमती प्रदेशमा सचिव सिर्जना अर्याल, गण्डकी प्रदेशमा लेखा संयोजक लेखनाथ न्यौपाने, लुम्बिनी प्रदेशमा उपाध्यक्ष उदय जिएम, कर्णाली प्रदेशमा कोषाध्यक्ष कलेन्द्र सेजुवाल, सुदुरपश्चिम प्रदेशमा सचिव हेमकर्ण विक, एसोसिएट प्रदेशमा सचिव पवन आचार्य, प्रतिष्ठान प्रदेशमा सचिव नारायण किलम्बु र उपत्यका प्रदेशमा सचिव गोविन्दप्रसाद चौलागाईंलाई जिम्मेवारी दिने निर्णय गरेको छ ।

केन्द्रीय साधारणसभामा सहभागी भएका राष्ट्रिय परिषद् सदस्यहरू नै महाधिवेशनमा सहभागी हुने नेपाल पत्रकार महासंघको विधानले व्यवस्था गरेको जानकारी गराइन्छ । प्रदेश तथा शाखा समितिको अधिवेशन र केन्द्रीय महाधिवेशनमा सांगठनिक, आर्थिक प्रतिवेदन र समसामयिक प्रस्तावमा छलफल हुनेछ ।

बैठकले यस वर्षको महाधिवेशनलाई विश्वव्यापी रुपमा पत्रकार तथा सञ्चार क्षेत्रमा देखिएको संकटका विषयमा छलफल गर्ने र त्यस निष्कर्षलाई लागू गर्न केन्द्रित गर्ने प्रस्ताव गरिएको छ ।

# मर्यादित, अनुशासित एवं व्यवस्थित ढङ्गले होली मनाउन अनुरोध

**राजविराज**/जिल्ला प्रशासन कार्यालय सप्तरीले फागू पूर्णिमा (होली) पर्व मर्यादित, अनुशासित एवं व्यवस्थित ढङ्गले मनाउन अनुरोध गरेको छ ।

सो कार्यालयले सूचना जारी गर्दै होलीमा अमर्यादित, उच्छृङ्खल अवाञ्छित एवं गैरकानुनी क्रियाकलाप गरेमा प्रचलित कानुनबमोजिम कारबाही हुने जनाएको छ ।

चाडपर्वका अवसरमा शान्तिसुरक्षामा असर पर्नेगरी सार्वजनिक स्थानमा होहल्ला एवं झै-झगडा गर्ने, मादक पदार्थको सेवन गरी पारिवारिक एवं सामाजिक जनजीवन तथा सार्वजनिक मर्यादा र शान्ति खलल गर्ने, कसैको इच्छाविपरीत रङ एवं पानीको लोला हान्ने, पानीको फोहोरा हान्ने, जबर्जस्ती रङ दल्ने कार्य नगर्न सबैमा अनुरोध गरेको छ ।

# रिहा भएकौ १२ घण्टा भित्रै युवकले गरे बुबाको हत्या

**राजविराज**/कुटपिट र झै-झगडा नगर्ने शर्तमा अभिभावको रोहबरमा रिहा भएका एक युवकले १२ घण्टा नबित्दै आफ्नै बुबाको हत्या गरेका छन् ।

सप्तरीको सप्तकोशी नगरपालिका ३ सखवनी घर भएका २२ वर्षिय लाल देव सदाले आफ्नै वुआ ४५ वर्षिय हिराई सदाको हत्या गरेको प्रहरीले जनाएको छ ।

बुधवार बिहान ७ बजेतीर उनले बन्चरो प्रहार गरी आफनो बुआ हिराईको हत्या गरेको इलाका प्रहरी कार्यालय कंचनपुरका डिएसपी दिपक रायले जानकारी दिए । बन्चरो प्रहारबाट उनको घटनास्थल मै मृत्यु भएको प्रहरीले जनाएको छ ।

बुआलाई बन्चरो प्रहार गर्दै गरेको देखेर बचाउन गएका छिमेकी दशन सदामाथी समेत लालदेवले आक्रमण गरी घाईते बनाएका र उनको फत्तेपुरस्थित गोल्डेन अस्पतालमा उपचार भईरहेको डिएसपी रायले जानकारी दिए ।

मदिरा तथा लागु औषधको कुलतमा फसेका लालदेवलाई सो कुलत त्याग्न र झै-झगडा नगर्न सम्झाउँन खोज्दा आवेशमा आएर अचानक बन्चरो प्रहार गर्न थालेको स्थानीयहरुले बताएका छन् ।

प्रहरीले हत्यामा प्रयोग गरिएको बन्चरोसहित पक्राउ गरेका उनीमाथी कर्तब्य ज्यान मुद्दा अर्न्तगत कारवाही र अनुन्धान प्रक्रिया अघि बढाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले बताए ।

# कैद जरिवाना तोकिएर फरार प्रतिवादी पक्राउ

**राजविराज**/चोरी मुद्दामा अदालतबाट कैद जरिवाना तोकिएर फरार रहेका एक प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा राजविराज वडा नं. १३ विषहरियाका ५० वर्षिय रामकुमार राम छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार चोरी मुद्दामा जिल्ला अदालत सप्तरीले रामलाई ५ हजार जरिवाना र २० दिन कैद सजाय तोकेको थियो ।

उनलाई गाउँ घरमै लुकिछिपि बसेको अवस्थामा बुधबार पक्राउ गरि जिल्ला अदालत राजविराजमा दाखिला गरिएको प्रहरीले जनाएको छ ।

# साइबर क्राइम

**पृष्ठभूमी**

वर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने,कल बाइपास, गैह्र कानुनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य ने साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर काइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपि अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर ब्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्कीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर ब्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर काइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा मात्र साइबर काइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोबाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर काइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच वर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसुरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर काइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएकोमर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

**जनहितका लागि**
**डाक्नेश्वरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय पातो, सप्तरी**

# नेपालको औषधि क्षेत्रमा समयमा नै सोचेनौं भने भोलि जटिलता निम्तिन सक्छ

**महेश प्रधान**

अर्थतन्त्रमा देखिएको समस्यासँगै औषधि उत्पादनको क्षेत्रमा पनि ठूलो समस्या देखिएको छ । उद्योगहरु बेच्नुपर्ने स्थितिसम्म पुगेको देखिन्छ । ती उद्योगहरु यो अवस्थासम्म पुग्न बाध्य किन भए भन्ने कुरालाई हेर्दा धेरै उद्योगहरु आए अब त नयाँ उद्योगलाई दर्ता गर्न विचार गर्नुपर्ने पो को कि ? त्यो फेरि अधिकारले दिन्छ वा दिँदैन त्यसतर्फ पनि विचार गर्नुपर्ने होला । तर अहिलेको अवस्था हेर्दा नयाँ उद्योग दर्ता गर्ने विषयमा विचार गर्नुपर्ने समय आयो । औषधि बजारमा यति धेरै बोनसको खेल भयो कि जसले गर्दा राष्ट्रिय उद्योगहरुलाई फाइदा भएन । यसले हामीलाई नोक्सान मात्र भएको छ । राष्ट्रिय उद्योगहरुलाई नोक्सान हुने वित्तिकै हामीले बनाउने औषधिमा यसको असर पर्ने नै भयो । यसलाई पनि राष्ट्रले कसरी हेर्ने? हामीलाई सम्झाउने-बुझाउने गर्नुपर्‍यो ।

औषधिमा गुणस्तरको विषय प्रमुख र महत्वपूर्ण हो । हामी उत्पादकले हामी पहिलो पटक जब औषधि खान्छौं । त्यो बेला हामी ढुक्कले भन्छौं- मैले उत्पादन गरेको औषधि मैले खाएँ । मेरा बच्चा, श्रीमती, बाआमालाई खुवाउन सकुँ । औषधिको गुणस्तरमा सम्झौता हुँदैन ।

आजभोलि स्वास्थ्य बीमाको कुरा आइरहेको छ । तर बीमा कार्यक्रमको औषधिको विषयमा शंका गर्नुपर्ने अवस्था आएको छ । किनकि, त्यो औषधिको मूल्य अन्तर्राष्ट्रिय बजारमा हेर्‍यौं भने छर्लङ्गै हुन्छ । औषधिको कच्चा पदार्थलाई कति पैसा पर्छ भनेर लुकाएर लुक्ने कुरा पनि हुँदैन । कच्चा पदार्थको मूल्य, त्यसमा हाम्रो उत्पादन मूल्य कम्तीमा १० प्रतिशत, क्वालिटी कन्ट्रोलको कम्तीमा १० प्रतिशत जोड्दै जाँदा हुने प्रयोग मूल्यभन्दा ९० प्रतिशत घटाएर टेन्डर दिइन्छ । त्यो टेन्टर भारतबाट आएर कसरी दिन सक्यो ? मानौं, एक रुपैयाँको औषधि छ भने कसरी १० पैसामा दिन सक्छन्? मेरो गणितले त यो भ्याउँदैन । मैले भारतका कतिपय औषधि कम्पनीका साथीहरुलाई सोधेँ । उनीहरुको गणितले पनि भ्याएन । भनेपछि टेन्डर प्रक्रियाको गणितले मात्र भ्याउँदैन रहेछ । यो विचार गर्ने कुरा छ । धेरै चिकित्सकले समेत बीमाका औषधिको विषयमा प्रश्न उठाइरहेका छन् । यसतर्फ समयमा नै सोचेनौं भने भोलि जटिलता निम्तिन सक्छ । यो कुरासँगै गुणस्तरणलाई प्राथमिकतामा राखेर मूल्य पनि समायोजन गर्नुपर्छ ।

रोजगारीको हिसाबले हेर्दा पनि एउटा उद्योगमा कम्तीमा ४०० जना कार्यरत छन् । कतिपय उद्योगमा एक हजार जना जनशक्ति कार्यरत छन् । सरदरमा प्रति उद्योग ४०० जनाको हिसाबमा पनि ८०/८२ उद्योगले ४० हजार जनशक्तिलाई प्रत्यक्ष रुपमा औषधि उद्योगले रोजगारी दिइरहेको छ । हामीले औषधि उद्योगले सरकारलाई तिर्ने कर मात्र क्याल्कुलेसन गरेर हेर्दा लगभग ७ अर्ब छ । औषधिको कच्चा पदार्थ, औषधिको प्याकिङ सामग्री, उद्योगमा प्रयोग हुने उपकरणमा कर तिर्छौं । नेपालमा एउटा औषधि उद्योग खोल्नका लागि ६० देखि ७० करोड लाग्ने रहेछ । ८०/८२ औषधि उद्योग खोल्नलाई ६० अर्ब लाग्ने रहेछ । ६० अर्ब लागनी भएको फर्मास्युटिकल इन्डस्ट्रीको सेल अहिले कति छ ? हाम्रो देशको नै औषधि उद्योगको सेल ६६ अर्ब छ । ६६ अर्बको सेल भएको ठाउँमा नेपाली कम्पनीले ५० प्रतिशत लिन्छ भने ३३ अर्बको बिजनेस हामीले गर्ने रहेछौं । राष्ट्रको लगानी ६० अर्ब ६ सेल ३० अर्ब मात्र छ । यो न्यायपूर्ण छ ?

म विदेशी उद्योगको विरोधी होइन । जसले राम्रो उत्पादन गर्छ, उसले विश्वमै ठाउँ पाउनुपर्छ । तर हाम्रो देशमा हामीले गरेका काममा राष्ट्रले होस्टेमा हैंसे मात्र गरिदिए पुग्छ । हामी पनि सेल्फ सफिसेन्ट हुन्छौं । यो देशमा जहिले पनि कृषि, पर्यटन, जलस्रोतमा अत्यन्त पैसा छ, राष्ट्रलाई फाइदा छ भन्ने गरिन्छ । म भन्छु- औषधि उद्योगमा पनि फाइदा छ । संसारका ९५ देशमा मात्र औषधि उद्योग भएकाले बाँकी देशमा हामी नेपाली औषधि उद्योगले गएर केही पैसा कमाएर ल्याइदिने क्षमता हामी राख्छौं । हाम्रो क्षमता विकास होस् । (महेश प्रधान नेपाल औषधि उत्पादक संघका अध्यक्ष हुन् ।) स्वास्थ्य खबरबाट

## मधेश प्रदेशमा सप्तरीबाट सबैभन्दा कम संख्या एसइईमा सहभागि

**राजविराज**/माध्यमिक शिक्षा परीक्षा (एसइई) मा मधेस प्रदेशका आठ जिल्लामध्ये सबैभन्दा कम संख्या सप्तरीबाट सहभागि हुने भएका छन् ।

यही चैत १५ गतेदेखि सुरु हुने एसइईमा सप्तरीबाट ९ हजार तीन सय २३ परीक्षार्थी सहभागी हुने शिक्षा विकास निर्देशनालयले जनाएको छ ।

यस्तै धनुषाबाट सबैभन्दा बढी परीक्षार्थी सहभागी हुँदैछन् । धनुषाबाट ४ सय ८९ जना प्राविधिकतर्फका गरी १२ हजार दुई सय १४ परीक्षार्थी सहभागि छन् ।

मधेस प्रदेशबाट कूल ८१ हजार सात सय ६८ परीक्षार्थी सहभागी हुने शिक्षा विकास निर्देशनालय जनकपुरले जनाएको छ ।

सिराहाबाट १० हजार नौ सय २३, महोत्तरीबाट नौ हजार चार सय ३१, सर्लाहीबाट १० हजार आठ सय ९६, रौतहटबाट नौ हजार चार सय ६९, बाराबाट नौ हजार चार सय ४४, पर्साबाट १० हजार ६८ परीक्षार्थी सहभागि हुँदैछन् ।

शिक्षा विकास निर्देशनालय जनकपुरका निर्देशक दिलीपकुमार ठाकुरले परीक्षाका लागि आवश्यक तयारी द्रुत गतिमा भइरहेको बताए । निर्देशक ठाकुरले ८ जिल्लामा गरी दुई सय ९५ परीक्षा केन्द्र निर्धारण गरिएको छ भने दुई सय ९५ केन्द्राध्यक्ष, पाँच सय ३० सहायक केन्द्राध्यक्ष, चार हजार ९२ निरीक्षक, आठ सय सात परीक्षा सहायक, एक हजार छ सय ३९ जना कार्यालय सहयोगी गरी जम्मा सात हजार छ सय ५८ जना कर्मचारी खटाइने जानकारी दिए ।

यता आवश्यक तयारी करिब पुरा भएका बताउँदै निर्देशक ठाकुरले मधेस प्रदेशका सबै जिल्लामा शिक्षा विकास तथा समन्वय एकाइ कार्यालयमा उत्तरपुस्तिका र प्रश्नपत्र जिल्लास्थित जिल्ला प्रहरी कार्यालयमा पठाइसकेको जानकारी पनि दिए ।

उनले यस प्रदेशमा एसइई परीक्षालाई मर्यादित, अनुशासित र व्यवस्थित रूपमा सम्पन्न गराउन आठवटा जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको जिल्ला परीक्षा समन्वय समितिले निरीक्षण तथा अनुगमन गरिने बताए ।

त्यसैगरी, मधेस प्रदेशका शिक्षा तथा संस्कृति मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्रलगायत निकायलाई समेटेर प्रदेशस्तरीय अनुगमन टोली बनाएर अनुगमन गरिने निर्देशक ठाकुरले जानकारी दिए ।

## प्रतिनिधिसभा सदस्य मंजु शर्मा अन्सारीको निधन

**राजविराज**/प्रतिनिधिसभा सदस्य मंजु शर्मा अन्सारीको हृदयघातबाट निधन भएको छ ।

काठमाडौंस्थित सिविल अस्पतालमा उपचारका क्रममा ६० वर्षिया सांसद अन्सारीको गत आइतबार निधन भएको हो ।

प्रतिनिधिसभाको बैठकमा सांसद अन्सारीको निधनमा सभामुख देवराज घिमिरेले सर्वसम्मतिले शोक प्रस्ताव पारित भएको घोषणा गरेका थिए ।

बैठकमा स्वर्गीय अन्सारीको चिरशान्तिको कामना गर्दै एक मिनेट मौनधारण गरिएको थियो । उनको निधनप्रति बैठकले शोक प्रकट गरी श्रद्धाञ्जलि अर्पण गर्दै शोक सन्तप्त परिवारप्रति समवेदन प्रकट गरेको थियो ।

जनता समाजवादी पार्टी (जसपा) नेपालबाट विसं २०७९ को प्रतिनिधिसभामा समानुपातिक सदस्यका रुपमा निर्वाचित अन्सारीले विसं २०४६ को जनआन्दोलनबाट राजनीतिक यात्रा सुरुवात गरेकी थिइन् ।

## अख्तियारमा भ्रष्टाचार सम्बन्धि सबै भन्दा बढी उजुरी बोदेबरसाइन नगरपालिकाबाट

**राजविराज**/सप्तरीको १८ वटै पालिका मध्ये सबै भन्दा बढी भ्रष्टाचार सम्बन्धि उजुरी अख्तियारमा बोदेबरसाइन नगरपालिकाबाट परेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्रीय कार्यालय इटहरीद्वारा सोमबार राजविराजमा आयोजित "भ्रष्टाचार विरुद्धको सहकार्य:सुशासनका लागि अपरिहार्य" विषयक कार्यक्रममा आयोगका क्षेत्रिय प्रमुख सुरेश न्यौपानेले सो जानकारी दिएका हुन् ।

उनले पालिकागत हिसाबले सबैभन्दा बढी बोदेबरसाइन नगरपालिकाबाट ६७ वटा भ्रष्टाचारको उजुरी परेको र जिल्लाको राजगढ गाउँपालिकाबाट सबै भन्दा कम ७ वटा भ्रष्टाचार सम्बन्धी उजुरी परेको जानकारी दिए ।

कार्यक्रममा भ्रष्टाचारको सर्वाधिक उजुरी पर्ने जिल्लामा सप्तरी पहिलो र पाँचथर अन्तिममा परेको तथ्याङ्क समेत उनले प्रस्तुत गरे ।

यस्तै जिल्लाको राजविराज नगरपालिकाबाट ६४, डाक्नेश्वरी नगरपालिकाबाट ५२, महादेवा गाउँपालिकाबाट ४३, रुपनी गाउँपालिकाबाट ३९, कंचनरुप नगरपालिकाबाट ३१, सप्तकोशी नगरपालिकाबाट ३०, सुरुङ्गा नगरपालिकाबाट २९, हनुमाननगर कंकालिनी नगरपालिकाबाट २७, विष्णुपुर गाउँपालिकाबाट २१, बलान विहुल गाउँपालिकाबाट २०, शम्भुनाथ नगरपालिकाबाट १९, तिरहुत गाउँपालिकाबाट १८, खडक नगरपालिका, छिन्नमस्ता गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिकाबाट १७/१७ वटा तथा अग्नीसाईर कृष्णसवरण गाउँपालिकाबाट ९ वटा भ्रष्टाचार विरुद्धको उजुरी परेको छ ।

सप्तरीमा गत वर्षको सरेर आएको सहित कुल ६ सय ४६ मध्ये २ सय ४६ उजुरी फछ्यौट भईसकेको र बाँकि छानवीनको प्रक्रियामा रहेको आयोगका क्षेत्रिय प्रमुख नेउपानेले जानकारी दिए ।

आयोगका आयुक्त हरी पौडेलको अध्यक्षता तथा जिल्ला समन्वय समितीका प्रमुख शिवनारायण साहको प्रमुख अतिथ्यामा आयोजित कार्यक्रममा १८ वटै पालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत, सुरक्षा निकायका प्रमुख, विभिन्न कार्यालयका प्रमुखहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा भ्रष्टाचार विरुद्ध तयार पारिएको श्रव्य दृष्य सामग्री समेत प्रदर्शन गर्दै सरोकारवालालाई सचेत गराउने प्रयास गरिएको थियो ।

आयोगको क्षेत्रीय कार्यालयले कोशी प्रदेशको ११ र मधेश प्रदेशको सप्तरी गरी १२ वटा जिल्ला हेर्दै आएको छ । प्रस्तुत तथ्याङ्क अनुसार गत वर्षको सरेर आएको १ सय ७८ तथा चालु आ.ब. २०८०/८१ को फागुन मसान्त सम्मको ४ सय ६५ गरी सप्तरीबाट कुल ६ सय ४६ उजुरी छानवीन र कारवाहीको प्रकृयामा रहेको छ । यस्तै सबभन्दा कम पाँचथरबाट १८ वटामात्र उजुरी परी छानवीनको प्रकृयामा रहेको जनाइएको छ ।


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनत: विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालविवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वत:बदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

### अनुरोधकर्ता

**खडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

# छपन्न लाख ४३ हजार बालबालिकाले लगाए दादुरा-रुवेला विरुद्धको खोप

काठमाडौं, ८ चैत (रासस)।

सरकारले सञ्चालन गरेको दादुरा-रुवेलाविरुद्धको खोप अभियानमा ५६ लाख ४३ हजार नौ सय १२ जना बालबालिकाले खोप लगाएका छन्। दादुरा-रुवेला सङ्क्रमणको जोखिमलाई दृष्टिगत गरी सरकारले गत फागुन १३ देखि चैत ७ गतेसम्म खोप अभियान सञ्चालन गरेको थियो।

बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमका अनुसार ५७ लाख ४२ हजार नौ सय ९३ बालबालिका खोप लगाउने लक्ष्य रहेकामा ५६ लाख ४३ हजार नौ सय १२ जनाले बालबालिका खोप लगाएका हुन्। "हामो लक्ष्यअनुसार नै बालबालिकाले खोप लगाएका छन्" उहाँले भन्नुभयो, " जिल्लाबाट प्राप्त प्रारम्भिक चरणको प्रतिवेदनमा ९६ प्रतिशतले खोप लगाएका पाइएको छ।"

सरकारले यस वर्ष दादुरा रुवेलाको सङ्क्रमणलाई ध्यान दिदै पश्चिम रुकुम र जाजरकोट जिल्ला बाहेक ७५ जिल्लामा खोप अभियान सञ्चालन गरेको थियो। पश्चिम रुकुम र जाजरकोटमा यसअघि नै अभियान सञ्चालन भएको थियो। भारतसँग सीमा जोडिएका २१ जिल्ला तथा काठमाडौं उपत्यकाका तीन जिल्लामा नौ महिनादेखि १५ वर्ष मुनिका र ५१ जिल्लामा नौ महिनादेखि पाँच वर्षसम्मका बालबालिकालाई खोप लगाइएको थियो। बालबालिकालाई विद्यालय तथा खोप केन्द्रमा खोप लगाइएको थियो। खोप अभियान सफल बनाउन देशभर ४८ हजार सात सय ९८ खोप केन्द्रमा ४९ हजार नौ सय ३७ जना स्वास्थ्यकर्मी र ५९ हजार नौ सय छ जना स्वयसेवक परिचालन गरिएको थियो।

## घाँटी रेटेर युवकको हत्या

**धनुषा**/धनुषामा एक युवकको घाँटी रेटेर हत्या भएको छ। जनकनन्दनी गाउँपालिका-२ स्थित आँप बगैंचामा स्थानीय १८ वर्षीय कैफ नदाफको साथीले नै हत्या गरेको प्रहरीले जनाएको छ।

हत्यामा संलग्न दुईजनालाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय धनुषाका डिएसपी रञ्जन अवाका अनुसार राति साढे १० बजेतिर साथीसँग बियर खान गएको बेला मोबाइलमा भिडियो हेर्ने विषयमा विवाद हुँदा दुईजना साथीले नदाफको घाँटी रेटेका थिए।

गम्भीर घाइते नदाफलाई उपचारको क्रममा भारत लगिएको थियो। उनको उपचारको क्रममा राति २ बजे मृत्यु भएपछि शव घर ल्याएर प्रहरीलाई खबर गरिएको थियो।

प्रहरीले स्थानीय ३० वर्षीय सहमत नदाफ र २२ वर्षीय जाकिस नदाफलाई पक्राउ गरेको छ। घटना विषयमा थप अनुसन्धान गरिरहेको डिएसपी अवाले बताए।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईंचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईंचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, विद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्याँस, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुर्‍याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : नवीन साप्ताहिक**

# अन्तर्राष्ट्रिय समाचार

## मस्कोमा आतङ्ककारी आक्रमण, ६० जनाको मृत्यु

**मस्को**/मस्कोस्थित कन्सर्ट हल (क्रोकस सिटी हल) मा बन्दुकधारीले अन्धाधुन्ध गोली चलाउँदा ६० जनाभन्दा बढीको मृत्यु हुनुका साथै १०० भन्दा बढी घाइते भएका अधिकारीहरूले शनिबार बताएका छन्।

शुक्रबार मस्कोको क्रोकस सिटी हलमा भएको आतङ्कवादी हमलामा ६० जनाभन्दा बढीको मृत्यु भएको रूसको अनुसन्धान समिति (आइसीआर) ले पुष्टि गरेको छ।

आतङ्कवादी आक्रमणका कारण ६० जनाभन्दा बढीको मृत्यु भएको प्रारम्भिक पुष्टि आइसीआरले गरेको हो। घाइतेहरूको अवस्था गम्भीर रहेकाले मृतकको सङ्ख्या थप बढ्न सक्ने आइसीआरले शनिबार बताएको छ।

आन्तरिक मामिला मन्त्रालय र सङ्घीय सुरक्षा सेवाको परिचालन एकाईहरूसँग आफ्ना अनुसन्धानकर्ताले मिलेर काम गरिरहेको आईसीआरले जनाएको छ।

मृतकको शवको जाँच भइरहेको छ भने अपराध स्थलबाट हतियार र गोलाबारुदसहितका सामग्री प्रमाणस्वरूप जफत गरिएको छ।

घटनास्थलमा रहेका आरआईए नोभोस्ती समाचार संस्थाका सम्वाददाताका अनुसार नकाबधारी आक्रमणकारीले शुक्रवार एक्कासी भवनभित्र पसेर गोली चलाउनुका साथै भीडमा विस्फोटक पदार्थ फ्याँकेका थिए।

मस्कोको उत्तरी क्रास्नोगोर्स्क उपनगरमा रहेको क्रोकस सिटी हलमा आक्रमणपछि धुँवाको मुस्लो भरिएको र त्यसपछि आगोको ज्वाला फैलिएको थियो।

आक्रमण हुँदा घटनास्थलमा पुगेका संगीतकर्मी एलेक्सीले भन्नुभयो, कन्सर्ट सुरु हुनुभन्दा केही समय पहिले एक्कासी गोली र भीडमा व्यापक कोलाहल सुनिएको थियो। होहल्लाको लगत्तै त्यहाँ स्वचालित हतियारबाट गोली चलाइएको थाहा भयो।

उहाँले भन्नुभयो, "सम्भवतः यो रूसको इतिहासमा निकै विनाशकारी आतङ्ककारी आक्रमणमध्ये एक हो।"

मानिसहरु आपतकालिन निकासतर्फ दौडिदै गर्दा कन्सर्टमा जानेहरु एक अर्काको टाउकोमा चढेर बाहिर निस्किएको उहाँले बताउनुभयो।

रूसी समाचार संस्थाका अनुसार रूसको अनुसन्धान समितिले शनिवार ६० जनाभन्दा बढीको मृत्यु भएको जनाएको छ।

रुसका स्वास्थ्यमन्त्री मिखाइल मुराश्कोले पाँच बालबालिकासहित ११५ जनालाई अस्पताल भर्ना गरिएको र तीमध्ये एकजनाको अवस्था गम्भीर रहेको जानकारी दिनुभयो। आक्रमणमा घाइते भएका ११० जना वयस्क व्यक्तिमध्ये ६० जनाको अवस्था गम्भीर छ।

राष्ट्रपति भ्लादिमिर पुटिनका प्रवक्ता दिमित्री पेस्कोभले रूसी समाचार एजेन्सीहरूलाई बताएअनुसार अधिकारीहरूले 'आतङ्कवादी' अनुसन्धान सुरु गरिएको बताएका छन्।

राष्ट्रपति भ्लादिमिर पुटिनले आक्रमणपछि 'निरन्तर' घटनाबारे जानकारी लिइरहनुभएको बताइएको छ।

रूसको नेसनल गार्डले घटनास्थलमा रहेको र आक्रमणकारीको खोजी भइरहेको जनाएको छ। एएफपीका एक संवाददाताले खोजी कुकुरसहित प्रहरी अधिकारीहरूले भवनको छेउमा पार्किङ गरिएका सवारी साधनहरूको निरीक्षण गरिरहेको देखेको बताए।

इस्लामिक स्टेट समूहले आफ्ना लडाकुहरूले मस्कोको बाहिरी इलाकामा 'ठूलो जमघट' मा आक्रमण गरेको र सकुशल आफ्नो अखडामा फर्किएको बताएको छ। एजेन्सी

## इजरायलको रफाह आक्रमणसम्बन्धी प्रतिवद्धतापछि संयुक्त राष्ट्रसंघका प्रमुख गाजा भ्रमण गर्ने

**गाजा**/संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले शनिबार गाजासँगको इजिप्टको सिमानाको भ्रमण गर्ने अपेक्षा गरिएको छ। महासचिव गुटेरेसको यो योजना इजरायलले अमेरिकाको समर्थन बिना पनि नजिकैको शहर रफाहमा हमाससँग लड्न आफ्नो सेना पठाउने बताएपछि बनेको हो।

भ्रमणको क्रममा, गुटेरेसको मानवीय युद्धविरामको आह्वान दोहोऱ्याउने योजना छ। नयाँ अन्तर्राष्ट्रिय दबाबले गाजाको अधिकांश जनसङ्ख्याले शरण लिएको रफाहमा अहिलेसम्म इजरायललाई नियोजित स्थल आक्रमणबाट रोक्न सफल भएको छ।

यस्तो कारबाहीले व्यापक नागरिक हताहत हुने र क्षेत्रमा व्याप्त मानवीय सङ्कटलाई अझ बिगार्ने चेतावनीको बावजुद, इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले आक्रमणलाई अगाडि बढाउने बताउनुभएको छ।

संयुक्त राज्य अमेरिकाको समर्थनमा त्यसो गर्ने आशा व्यक्त गर्दै आवश्यकताको आधारमा एक्लै लडाइँ गर्ने शुक्रबार इजरायल भ्रमणमा रहनुभएका अमेरिकी विदेश मन्त्री एन्टोनी ब्लिन्केनसँग नेतान्याहूले बताउनुभयो।

लगभग पाँच महिनाको लडाइँ रोक्न अन्तर्राष्ट्रिय प्रयासहरू तीव्र भएका छन्। हमासद्वारा सञ्चालित गाजाको स्वास्थ्य मन्त्रालयले शुक्रबारसम्म प्यालेस्टिनी क्षेत्रमा ३२ हजार ७० जनाको मृत्यु भएको र संयुक्त राष्ट्र सङ्घले आसन्न अनिकालको चेतावनी दिएको छ।

"यो मानव निर्मित प्रकोप भएको प्यालेस्टिनी शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय एजेन्सी (युएनआरडब्लुए) का प्रमुख फिलिप लजारिनीले सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ। उहाँले युद्धविराम र गाजामा खाद्यान्न आपूर्ति जीवन बचाउने सामानको एक मात्र समाधान भएको बताउनुभयो।

"तत्काल युद्धविराममा सुरक्षा परिषद्को प्रस्तावको लागि पछिल्लो प्रयास शुक्रवार असफल भयो। चीन र रूसले अमेरिकी प्रस्तावलाई भिटो गरेका छन् भने यस सन्दर्भमा अरब सरकारहरूले असन्तुष्टि जनाएका छन्।

कूटनीतिक स्रोतहरूले सुरुमा शनिबारका लागि मतदानको योजना गरिएको कडा युद्धविराम प्रस्तावमा मतदान गर्न थप छलफलको लागिसोमबारसम्म स्थगित गरिनेछ। एजेन्सी

# उपाधीका लागि सकरपुरा र को. बरसाईन भिड्दै



**राजबिराज**/बभनगमाकट्टीमा जारी तिलाठी कोईलाडी गाउपालिका स्तरिय टि-ट्वान्टी प्रतियोगिताको उपाधीको लागी को.बरसाईन र सकरपुरा भिडने भएको छ ।

शनिवार सम्पन्न पहिलो सेमिफाईनल खेलमा वडा वडा ५ ले वडा ७ लाई ४ बिकेटले र वडा ३ ले वडा १ लाई ११ रनले पराजित गर्दै फाईनलमा प्रवेश गरेको हो ।

टस जितेर वडा ७ मन्सापुरले १७ ओभरमा ३ वलमा १० बिकेटको क्षतिमा ९० रनको योगफल खडा गरेको थियो । जसमा सन्त मण्डलले २४ रन बनाउदै अविजित रहेपनि अन्य कुनै पनि खेलाडी दोहोरो अंक पार गर्न सकेन । बलिङतर्फ वडा ५ दिपेश सरदार, दिपेश मण्डलले समान्य २/२ बिकेट तथा विशाल शर्मा, राजा राय, गोलु राय, राजेश राय १/१ बिकेट हात पारेका थिए ।

प्रतिउत्तरमा वडा ५ ले १७ ओभर ४ बलमा ६ बिकेट गुमाएर बिजयी भएसँगै फाईनलमा प्रवेश गरेको हो । जसमा दिपेश सरदार २४ रन अविजित खेलेका थिए भने राजेश रजकले १३ रन बनाएका थिए । प्लेयर अफ दि म्याच बिजयी टिमका दिपेश सरदार घोषित भए ।

यसैगरी सम्पन्न दोश्रो खेलमा वडा ३ र वडा १ बिच भएको दोस्रो सेमिफाईनलमा टस जितेर सकरपुराले १५ ओभरमा ४ बिकेट गुमाएर ९७ रनको लक्ष्य खडा गरेका थिए । जसमा साकेत सिंह २७ रन, अमित मण्डल २६ प्रदिप मण्डल १७ रन बनाएका थिए । बलिङतर्फ वडा १ तिलाठीका सक्देश झा र आलोक झाले २/२ बिकेट हात पारेका थिए । प्रतिउत्तरमा वडा १ तिलाठीले १४ ओभर ४ बलमा सबै बिकेट गुमाई ८६ रन मात्र बनाउन सकेको थियो । जसमा सक्देश झाले २९ रन, अमिर रायले २० रन बनाएपनि सकरपुरा सँग तिलाठी झिनो अन्तरले पराजित हुन पुगेको हो ।

बलिङतर्फ सकरपुराका बिजय मुखिया ४ बिकेट, अभय मण्डल ३ र प्रदिप मण्डलले २ बिकेट लिए । खेलको प्लेयर अफ दि म्याच बिजय मुखिया घोषित भएको प्रतियोगिता संयोजक ज्ञानेन्द्र कुमार यादवले जानकारी दिए ।


## पावन पर्व फाल्गुन पूर्णिमा "होली"

रंगहरुको पर्व होलीको पावन अवसरमा यस डाक्नेश्वरी नगरपालिकाका सम्पूर्ण जन समुदायमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



रामलखन मलाह
नगरप्रमुख
डाक्नेश्वरी नगरपालिका, सप्तरी


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, सप्तरी**

# पचिस वर्षपछि राजविराजमा पुनःकाठ डिपो कार्यालय संचालन



**राजविराज**/राजविराजमा शुक्रबारदेखी काठ बिक्री डिपो कार्यालय पुनः संचालनमा आएको छ ।

२५ वर्ष पहिले राजविराजबाट हटाइएको उक्त डिपो कार्यालयको संघीय वन तथा वातावरण मन्त्री नवलकिशोर साहले एका कार्यक्रमबीच उद्घाटन गरे ।

उद्घाटनकै दिन उक्त डिपोबाट १ लाख भन्दा बढीको काठ बिक्री भएको डिभिजन वन कार्यालय सप्तरीका प्रमुख सुभाष दासले जानकारी दिएका छन् ।

सो अवसरमा मन्त्रि साहले यस क्षेत्रका जनताको २५ वर्षको पर्खाइ पुरा भएको भन्दै नेपाल सरकारको मातहतमा रहेको नेपाल वन निगम लिमिटेडको काठ बिक्री डिपो कार्यालय संचालन भएपछि सर्वसाधारणले राहत पाउने विश्वास व्यक्त गरे ।

मन्त्रिको पदभार ग्रहण गरेपछि पहिलो पल्ट गृह जिल्ला आएका उनले आफुलाई जनताको सेवक भएको बताउँदै सेवा गर्ने उद्देश्यले नै मन्त्रि पदको जिम्मेवारीमा पुगेको बताए । २५ वर्ष अघि तत्कालिन मन्त्रि एवम् मधेशवादी नेता गजेन्द्र नारायण सिंहको पालामा यहाँ वन मन्त्रालयले काठ बिक्री डिपो कार्यालय संचालनमा ल्याएको थियो । तर उनी पदबाट हटेपछि उक्त डिपो कार्यालय सिराहाको लहान सारिएको थियो ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**

**विष्णुपुर गाउँपालिका, सप्तरी**

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजबिराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*